**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 23.03.2026**

## सिक्किममा निर्वाचन मिति घोषणा

राज्य निर्वाचन आयोग (एसईसी) ले सिक्किमका नौ शहरी स्थानीय निकायहरूको चुनावको तालिका घोषणा गरेको छ, जसमा आजदेखि नौ शहरी निकायहरूको लागि आदर्श आचारसंहिताको औपचारिक सूचना लागू भएको छ। गान्तोकको सिचेमा मिडियालाई सम्बोधन गर्दै राज्य निर्वाचन आयुक्त के. सी. लेप्चाले मनोनयन दर्ता गर्ने अन्तिम मिति 30 मार्च हो भनी जानकारी दिनु भयो। मनोनयन पत्रहरूको छानबिन 1 अप्रिल मा हुनेछ भने उम्मेदवारी फिर्ता लिने अन्तिम मिति 4 अप्रिल हो। मतदान 24 अप्रिलमा हुनेछ र मतगणना 25 अप्रिल का दिन हुनेछ।

---------------------------------------------

## एसकेएमले आगामी आम नगरपालिका चुनाव, 2026 को लागि उम्मेदवारहरूको घोषणा गयो

सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम) ले सिक्किममा आगामी आम नगरपालिका चुनाव, 2026 को लागि आफ्नो आधिकारिक उम्मेदवारहरूको घोषणा गरेको छ । पार्टीले 24 अप्रिलमा हुने चुनावको लागि आफ्ना उम्मेदवारहरूको अन्तिम नामावली घोषणा गरेको छ।

एसकेएम अध्यक्ष तथा सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङको व्यावहारिक र गतिशील नेतृत्वमा पार्टीले घतलाग्दो विजय हासिल गर्ने दृढ विश्वास व्यक्त गरेको छ।

---------------------------------------------

## सिक्किमका मुख्यमन्त्रीले प्रधानमन्त्री मोदीलाई सबैभन्दा लामो समयसम्म सरकार चलाउने प्रमुख बनेकोमा बधाई दिए

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले प्रधानमन्त्री नरेन्द्र मोदीलाई सार्वजनिक जीवनमा आठ हजार नौ सय एकतीस दिन पूरा गर्दै भारतको इतिहासमा सबैभन्दा लामो समयसम्म सरकार चलाउने प्रमुख बनेकोमा हार्दिक बधाई व्यक्त गर्नु भएको छ। श्री तामाङले भन्नुभयो, यो कोसेढुङ्गा केवल एक रेकर्ड मात्र होइन, तर 145 करोड भारतीयहरूको अटल विश्वासको शक्तिशाली प्रतिबिम्ब हो, साथै समर्पणको र 'राष्ट्र प्रथम' को भावना पनि हो।

---------------------------------------------

## इन्द्र हाङ सुब्बाले सिक्किमको विकासका लागि भारत सरकारको प्रशंसा गरे

सिक्किमका लोकसभा सांसद इन्द्र हाङ सुब्बाले आज लोकसभामा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सिक्किम र देशको पूर्वोत्तर क्षेत्रमा विशेष गरी कनेक्टिभिटी, पूर्वाधार, शासन र समावेशी विकासका क्षेत्रमा वर्षौंदेखि भई रहेका परिवर्तनकारी बदलावहरुमाथि प्रकाश पारे।

श्री सुब्बाले देशभरि महत्वपूर्ण परिवर्तन ल्याएको नेतृत्वप्रति गहिरो कृतज्ञता, गर्व र श्रद्धा व्यक्त गरे।

---------------------------------------------

## गान्तोकमा विश्व मौसम विज्ञान दिवस 2026 मनाइयो

गान्तोकस्थित मौसम विज्ञान केन्द्रले आज मौसम अवलोकन र जलवायु संरक्षणको महत्त्वलाई प्रकाश पार्दै विश्व मौसम विज्ञान दिवस 2026 मनायो।

यस वर्षको विषयवस्तु "Observing Today, Protecting Tomorrow" अर्थात् "आज अवलोकन गर्ने, भोलिलाई सुरक्षित पार्ने" रहेको छ।

---------------------------------------------

## गेजिंग जिल्लामा बर्ड फ्लूको चेतावनी जारी

सिक्किम सरकारको गेजिंग जिल्लापाल र जिल्ला मजिस्ट्रेटको कार्यालयले माथिल्लो ओमचुङ ग्राम पञ्चायत एकाइमा रहेका कुखुरा फार्महरूमा एभियन इन्फ्लुएन्जा (H5N1) को पुष्टि भएपछि नियन्त्रण आदेश जारी गरेको छ। अधिसूचनाले विशिष्ट क्षेत्रहरूलाई संक्रमित घोषित गरेको छ।

निगरानी क्षेत्रहरूले कुखुरा र सम्बन्धित सामग्रीहरूको आवागमनमा तत्काल प्रतिबन्ध लगाएकाछन्, र सरकारी प्रोटोकल अनुसार संक्रमित कुखुरा र चराहरूलाई मार्ने अनि सुरक्षित रूपमा व्यवस्थापन गर्ने आदेश दिएका छन्।

---------------------------------------------

## नयाँ दिल्लीमा आयोजित VG मिसेस इन्डिया 2026 मा डीना राईले धेरै उपाधि जितिन्

गान्तोकको तादोंगकी अधिवक्ता डीना राईले 20 मार्चमा नयाँ दिल्लीमा आयोजित VG मिसेस इन्डिया 2026 प्रतियोगितामा धेरै उपाधिहरु जितेकी छिन। राष्ट्रिय स्तरको कार्यक्रममा उनले तीन प्रतिष्ठित उपाधि जितिन्, जसमा VG मिसेस इन्डिया ग्लोबल आइकन सिक्किम क्वीन २०२६, VG मिसेस इन्डिया ग्लोबल आइकन नर्थ-इस्ट जोन २०२६, र VG ग्लोबल आइकन Voice of Integrity २०२६ समावेश छन्।

---------------------------------------------

## भू-सम्पदा

प्रस्तावित माम्ले जीवाश्म पार्क मार्फत भू-सम्पदा स्थलहरूको विकास र संरक्षणको दिशामा एक महत्वपूर्ण कदममा, सिक्किम सरकारका वन, विज्ञान, तथा प्रविधि एवं खानी तथा भूगर्भ विभागका मन्त्री पिन्ट्सो नामग्याल लेप्चाले केन्द्रीय खानी मन्त्री जी.

किशन रेड्डीलाई परियोजनाको लागि द्रुत स्वीकृति र सहयोगको लागि भेटघाट गर्नु भयो।

श्री रेड्डीले परियोजनाको महत्त्वलाई स्वीकार गर्नुभयो र आवश्यक स्वीकृति र सहयोगलाई सजिलो बनाउन, सकारात्मक दृष्टिकोण व्यक्त गर्नुभयो।

---------------------------------------------

सोरेङ जिल्लामा स्तनपान पोड

मंगलबारियामा ग्रामीण विकास विभागका उपनिर्देशक मनोरथ राईको

उपस्थितिमा स्तनपान पोडको उद्घाटन नागरिक तथा दिव्याङ्गजन कल्याण विभागले सोरेङको गरियो। श्री राईले महिला, बालबालिका, ज्येष्ठ गरेको पहलको प्रशंसा गर्दै सबै लाभार्थीहरूलाई यो सुविधा प्रभावकारी रूपमा प्रयोग गर्न आग्रह गर्नुभयो।

---------------------------------------------